म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १३८ आइतबार, ११ पुस २०७८ सप्तमी ने. सं. ११४२ थिंलागा 26 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हार्दिक बधाई



यस लेडि जेसीजकी अध्यक्ष **प्रतिमा श्रेष्ठ** ज्यू, ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.को गरिमामय अध्यक्ष पदमा सर्वसम्मत चयन हुनुभएकोमा उहाँको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**हेटौंडा लेडि जेसीज, परिवार**

## मकवानपुरमा ९८.३० प्रतिशतले जिते कोरोना

साझाकुरा संवाददाता



हेटौंडा/कोरोना संक्रमणको महामारी अझै कायमै छ । कोरोनाको तेस्रो भेरियन्टको रुपमा ओमिक्रोन आएसँगै त्राससमेत बढ्न थालेको छ ।

तर, स्वास्थ्यकर्मी, विज्ञहरुले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाए त्रसित हुनुपर्ने बाध्यता नरहेको बताउँदै आएका छन् । नेपालमा कोरोना संक्रमण सुरुवात भएदेखि शनिबारसम्म मकवानपुरमा ९८ प्रतिशत संक्रमणमुक्त भइसकेका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार संक्रमितमध्ये जिल्लामा ९८.३० प्रतिशत संक्रमण मुक्त भएका हुन् । जिल्लामा कोरोना संक्रमण पुष्टि हुने कुल संख्या १५ हजार ५ सय ५९ जनामध्ये हालसम्म संक्रमणमुक्त हुनेको संख्या १५ हजार २ सय ९५ जना पुगेको छ ।

शनिबार जिल्लामा थप २ जनामा कोरोनाभाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा १२ जनाको एन्टिजेन परीक्षणमा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको जनाइएको छ । स्वास्थ्य कार्यालयका अनुसार, संक्रमण पुष्टि हुने दुबै जना हेटौंडा उपमहानगरपालिकाका हुन् ।

जिल्लामा हालसम्म संक्रमणका कारण १६७ जनाको मृत्यु भएको छ । जिल्लामा हालसम्म हेटौंडाका १ सय १९ जना, थाहा नगरपालिकाका ९ जना, मकवानपुर गढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ ।

जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनैपनि व्यक्तिको मृत्यु भएको छैन ।

## एकै दिन एक पुरुष र दुई महिलाको शव भेटियो

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा शुक्रबार छुट्टाछुट्टै स्थानमा एक पुरुष र दुई महिलाको शव फेला परेको छ । एक जनाको हालसम्म प्रहरीबाट सनाखत हुने सकेको छैन ।

छुट्टाछुट्टै स्थानमा दुई महिलाको शव झुण्डिएको अवस्थामा फेला छन् भने मृत अवस्थामा एक पुरुषको शव फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुई जनाको भने शुक्रबारनै सनाखत भएको थियो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हेटौंडा उपमहानगरपालिका-५ सिँचाईटोल बस्ने १८ वर्षीया आरती घिमिरे आफु सुत्ने कोठामा झुण्डिएको अवस्थामा भेटिएकी थिइन् । यस्तै, शुक्रबार बिहान नै मकवानपुरगढी-६ बस्ने ४२ वर्षीया सुनमाया रुम्बा गोलेको शव घर नजिकैको अम्बाको रुखमा झुण्डिएको अवस्थामा शव फेला परेको हो ।

जिल्लाको मकवानपुर गढी गाउँपालिका वडा नम्वर ७ सुकौरामा शुक्रबार नै फेला परेको अन्दाजी २५ वर्षीय एक पुरुषको शवको हाल सम्मपनि सनाखत नभएको मकवानपुर प्रहरीले जनाएको छ । प्रहरीका अनुसार, उनको शव हाल हेटौंडा अस्पतालमा राखिएको छ ।

## पिप्ले युवा क्लबमा घिमिरे

हेटौंडा/हेटौंडा-५ स्थित पिप्ले युवा क्लबको अध्यक्षमा सुशील घिमिरे चयन भएका छन् । क्लबको शनिबार भएको १५ औं वार्षिक साधारणसभाले सर्वसम्मत रुपमा घिमिरेलाई पुन: अध्यक्षमा चयन गरेको हो । सभाले घिमिरेको संयोजकत्वमा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्षमा भरतकुमार सैंजु, सचिवमा दिपेन्द्र ढकाल, कोषाध्यक्षमा सुदीप सापकोटा, सहसचिवमा सुदीपसिंह ठकुरी चयन भएका छन् । सदस्यहरुमा क्रमश: रवि थापा, रणबहादुर खनाल, विवेक अर्याललगायत चयन भएका छन् ।

## घरमै पुगेर सिडिओ पाण्डेले दिए नागरिकता

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरका प्रमुख जिल्ला अधिकारी (सिडिओ) भरतमणि पाण्डेले सर्वसाधारणको घरमै पुगेर नागरिकता वितरणमा जुटेका छन् ।

पाण्डेले मकवानपुरको मनहरी गाउँपालिका-९, ज्यामिरेकी ३२ वर्षीया लिलावती गिरीलाई नागरिकता दिन उनको घरमै पुगेका हुन् । मानसिक सन्तुलन गुमाएकी गिरीलाई परिवार र आफन्तले जिल्ला प्रशासन कार्यालयसम्म पुऱ्याएर नागरिकता दिलाउन नसक्ने भएकोले पाण्डे आफै घरमा पुगेका हुन् ।

शनिबार बिहान मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीको समेत उपस्थितिमा प्रजिअ पाण्डेले गिरीलाई नागरिकता हस्तान्तरण गरेका थिए । २०५९ सालमा माओवादी द्वन्द्वको समयमा घर नजिकै एम्बुस विष्फोट हुँदा श्रवणशक्ति गुमाउनुको साथै मानसिक सन्तुलन समेत गुमाएकी गिरीले नागरिकता प्राप्त गरेसँगै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सजिलो हुने गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले बताए ।



२०५९ सालमा माओवादी द्वन्द्वको समयमा घर नजिकै एम्बुस विष्फोट हुँदा श्रवण शक्ति गुमाउनुको साथै मानसिक सन्तुलन समेत गुमाएकी गिरीले नागरिकता पाएकी हुन् ।

गाउँपालिकाले नै नागरिकता शिविरको आयोजना गर्दा विशेषगरी अशक्त, ज्येष्ठ नागरिकहरु लाभान्वित भइरहेको जानकारी गराउनुहुँदै अध्यक्ष उप्रेतीले आगामी दिनमा पनि शिविरको आयोजना गर्ने विषयमा प्रमुख जिल्ला अधिकारी पाण्डेसँग सल्लाह भएको बताए ।

हार्दिक बधाई



नेपाल तेक्वान्दो संघका केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला तेक्वान्दो संघका सल्लाहकार श्री **दीपेन्द्रचन्द ठकुरी** ज्यू रोयल इन्फिल्डर (Royal Enfielders Makwanpur)को गरिमामय **अध्यक्ष** पदमा निर्वाचित हुनुभएकोमा उहाँलगायत कार्यसमितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुको सफल कार्यकालको कामनासहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

बिक्रम लामिछाने (सचिव) एवम्

**मकवानपुर जिल्ला तेक्वान्दो संघ परिवार**

हार्दिक बधाई



हाम्रो यस हेटौंडा राइडर्स क्लबका संस्थापक अध्यक्ष श्री **दीपेन्द्रचन्द ठकुरी** ज्यू रोयल इन्फिल्डर्स (Royal Enfielders Makwanpur)को गरिमामय **अध्यक्ष** पदमा निर्वाचित हुनुभएकोमा उहाँलगायत कार्यसमितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुको सफल कार्यकालको कामनासहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

विकास ताम्राकार (अध्यक्ष) एवम्

**हेटौंडा राइडर्स क्लब परिवार**

साझाकुरा

## हाम्रो कुरा

# भव्य बन्दै क्रिसमस

क्रिश्चियन धर्मका संस्थापक येशु ख्रिष्टको जन्मोत्सव २५ डिसेम्बरका दिन विश्वभर क्रिसमस डे मनाउने गरिन्छ । विभिन्न प्राचीन यूरोपियन दस्तावेजका अनुसार क्राईस धर्तीमा आउनपूर्व नै पनि हिउँदको यो मध्य समयमा आगो र प्रकाशको चाड मनाइने कुरा उल्लेख छ । समयसँगै आजको दिनलाई क्रिसमसका रुपमा मनाउन थालिएको हो । इस्वी सम्बतका अनुसार हरेक वर्षको डिसेम्बर २५ लाई क्रिसमसका रुपमा मनाइन्छ भने केही देशहरुले डिसेम्बर २४ मा पनि मनाउने गर्दछन् । नेपालमा पनि देशभरका चर्चमा क्रिसमस पर्वका रुपमा विविध कार्यक्रम आयोजना गरी मनाउने गरिन्छ । इसाई धर्मावलम्बीहरुको सबैभन्दा ठूलो चाडका रुपमा क्रिसमस डे मनाउने गरिएको हो । क्रिसमस डेका दिनदेखि लगातार १२ दिनसम्म क्रिसमस टाइमका रुपमा विशेष उत्सव गरिन्छ ।

प्राचीन रोममा इसापूर्व ३५४ देखि क्रिसमस डे मनाउन थालिएको पाइन्छ । नेपालमा क्रिस्चियन धर्मको चारसय वर्षदेखिको इतिहास रहेकामा २०६२/०६३ को आन्दोलनपछि धर्मनिरपेक्ष राष्ट्र बनेसँगै यसलाई राष्ट्रिय पर्वका रुपमा मनाउन थालिएको इसाई धर्मावलम्बीहरु बताउँछन् । क्रिश्चियन धर्मशास्त्रको लिखित बाइबलअनुसार पवित्र आत्माबाट गर्भधारण भएर कन्या आमाको कोखबाट येशुको जन्म भएको थियो । इसाई धर्मावलम्बीले मारियम नाम गरेकी ती अविवाहित कन्याको कोखबाट येशुको जन्म भएको विश्वास गर्दछन् । पछि मारियमको विवाह यशुफसँग भएको थियो । सबै धर्म र संस्कृतिको सम्मानस्वरुप क्रिसमसको दिनमा पनि विगतमा नेपाल सरकारले सार्वजनिक विदा दिने गरेकोमा यस वर्षबाट अन्य चाडपर्वको विदा कटौतीसँगै क्रिसमसको विदा पनि काटिएको छ । यस दिन क्रिस्चियनहरुले शुद्ध हृदयले प्रभु येशुका प्रमुख वचनहरु बाचन गरी प्रार्थना गर्ने गर्दछन् । क्रिसमस डेका लागि क्रिसमस ट्रीलाई रंगाएर बत्ती र खेलौनाहरुसहितले सजाएर झकिझकाउ पार्ने गरिन्छ । क्रिसमसको अर्को आकर्षण भनेको सान्टा क्लस हो, जो रातो कपडा लगाएको र सेतो दाह्री भएको साधुले सबैलाई उपहार दिनेछन् र खुशी दिनेछन् भन्ने विश्वास गरिन्छ । सान्टा क्लसको प्रतीक्षामा धेरै केटाकेटीहरु राति अबेर सम्म सुत्दैनन् । कोही ब्यक्तिहरु सान्टा क्लसको भेषमा उपहार र कोसेली बाँड्दै, साट्दै पनि हिँड्दछन् । नेपालमा भने सांस्कृतिक कार्यक्रम गरेर शुभकामना साटासाट गरी क्रिसमस डे मनाइन्छ ।

चाडपर्व एउटा उत्साह हो, जसलाई धर्म भन्दा पनि संस्कार, संस्कृति, सौहार्दता अनि नितान्त खुशीको अभिब्यक्तिका रुपमा लिन जरुरी छ । चाडपर्वको मुख्य लक्ष्य मानिसमा स्फुर्ति उत्पन्न गर्नु, एकआपसको सम्बन्धलाई सुदृढ बनाउनु, आफन्तहरुको सुख-दुःखलाई आफ्नो ठान्नु हुनुपर्छ । अहिले मुलुकमा धर्म, जातिको बन्धन खुकुलो हुँदै गएको छ । सबैले सबैको चाडपर्वलाई सम्मानको दृष्टिले हेर्न थालेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस १२ गते सोमबार २७ डिसेम्बर २०२१ । पुस कृष्ण अष्टमी । थिंलागा अष्टमी ११४१ । सूर्योदय ६:५२ र सूर्यास्त ५:१६ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आफन्तजन भेट | तुला | : अध्ययनमा बाधा |
| वृष | : भित्रजन भेट | वृश्चिक | : धन प्राप्ति |
| मिथुन | : प्रेममा सफलता | धनु | : शत्रुबाट मुक्त |
| कर्कट | : शुभ कार्यको थालनी | मकर | : धन नष्ट |
| सिंह | : सुख प्राप्ति | कुम्भ | : मिष्ठान्न भोजन |
| कन्या | : यात्राको योग | मीन | : आलश्यता |

# कृषि क्षेत्रको सुधारका लागि भएका प्रयासहरू



पदम भण्डारी

नेपालको कृषि विकाससम्बन्धी कार्यक्रम सञ्चालनको थालनी संस्थागत रूपमा वि.सं. १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट सुरु भएको हो । यसपछि कृषिको समग्र विकास गर्ने उद्देश्यले वि.सं. १९९४ मा कृषि परिषद्को गठन भई कृषि विकासका लागि कृषि फार्महरू खोल्ने, सर्वेक्षण कार्यहरू गर्ने कार्यहरू भए । नेपालको संविधानको धारा ८२ को उपधारा (१) को अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत 'नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४' को नियम ३, अनुसूची-१ मा उल्लेख भएबमोजिम मिति २०७६/४/१० गते पुनः नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को संशोधन गरी कृषि तथा पशुपन्छी क्षेत्रसँग सम्बन्धी सम्पूर्ण कार्यका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय गठन भई कार्य गर्दै आएको छ ।

कृषि नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्र हो । यसले कुल जनसंख्याको करिब ६५ प्रतिशत रोजगारीको अवसर प्रदान गर्छ र जीडीपीमा करिब २७ प्रतिशत योगदान छ । त्यसैले, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि कृषि क्षेत्रको विकास महत्त्वपूर्ण छ । कृषि तथा पशुपन्छी विकास क्षेत्रको विकास र समृद्धिका लागि सम्पूर्ण जिम्मेवारी वहन गर्न स्थापित कृषि तथा पशुपन्छी विकास मन्त्रालयको उद्देश्य निर्वाहमुखी कृषि प्रणालीलाई रूपान्तरण गरी व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणाली अपनाई कृषि उत्पाउन एवं उतपादकत्व बढाउने, क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धा बढाउने एवं जनताको जीवनस्तरमा सुधार ल्याउने रहेको छ । कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा विगत ११ वर्षको बजेट अवस्थाको विश्लेषण गर्ने हो भने राष्ट्रिय बजेटको तुलनामा निम्नानुसार देखिन्छ :

माथिको तथ्यांकले के देखाउँछ भने कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.८ प्रतिशत छ । आ.व. २०७८/०७९ को विनियोजित बजेट रु. ४५ अर्ब ५ करोड १६ लाख कायम भएकोमा चालू बजेटमा ९०.०१ प्रतिशत र पुँजीगत बजेटमा ९.९९ प्रतिशत रहेको छ । जुन राष्ट्रिय बजेटको तुलनामा २.७६ प्रतिशत रहेको छ । रातो किताबअनुसार मन्त्रालयको वार्षिक बजेटको स्रोतगत बाँडफाँड हेर्ने हो भने अनुदान २४.४२ प्रतिशत एवं ऋण ७५.५८ प्रतिशत छ । आ.व. २०७८/०७९ को प्रथम त्रैमासिक अवधिको ३३ वटा पहिलो र दोस्रो प्राथमिकताका आयोजनाहरूमा प्रगतिको अवस्था हेर्ने हो भने पहिलो प्राथमिकताका आयोजनाहरूमा ८० देखि १०० प्रगति प्रतिशत भएका आयोजनाहरू ५ वटा, ५० भन्दा माथि ८० भन्दा कम प्रगति प्रतिशत भएका १९ वटा र ५० भन्दा कम प्रगति प्रतिशत भएका ९ वटा गरी २७ वटा छन् भने दोस्रो प्राथमिकताका आयोजनाहरूमा ८० देखि १०० प्रगति प्रतिशत भएका आयोजनाहरू २ वटा, ५० भन्दा माथि ८० भन्दा कम प्रगति प्रतिशत भएका ३ वटा र ५० भन्दा कम प्रगति प्रतिशत भएका १ वटा गरी ६ वटा छन् । त्यस्तै आव २०७८/०७९ मन्त्रालयको विकास आयोजना/कार्यक्रमहरूको एकमुस्ट प्रथम त्रैमासिक प्रगति स्थिति हेर्दा पहिलो प्राथमिकता प्राप्त आयोजनाहरूको भारित प्रगति ८१.४७ प्रतिशत र वित्तिय प्रगति १२.५१ प्रतिशत छ भने दोस्रो प्राथमिकता प्राप्त आयोजनाहरूको भारित प्रगति ५८.७८ प्रतिशत र वित्तीय प्रगति ४३.८५ प्रतिशत छ भने एकमुस्ट भारित प्रगति ७९.०७ प्रतिशत र वित्तिय प्रगति १५.८३ प्रतिशत छ ।

त्यस्तै निकायगत प्रथम त्रैमासिक प्रगति विवरणलाई केलाउँदा ८० प्रतिशतभन्दा बढी वित्तिय प्रगति भएका निकायहरू २ वटा छन् भने ५० प्रतिशतभन्दा माथि ८० प्रतिशतभन्दा कम वित्तिय प्रगति भएका निकायहरू १० वटा छन् । त्यस्तै ५० प्रतिशतभन्दा कम वित्तीय प्रगति भएका निकायहरू २१ वटा छन्, जुन वार्षिक बजेटको तुलनामा खर्च ५.५१ प्रतिशत मात्रै हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको एकमुस्ट रूपमा प्रगति कम हुनाका कारणहरूमा पुँजीगत कार्यहरूको इस्टिमेट तयार भई खरिद प्रक्रियामा रहेकोले भुक्तानी हुन बाँकी रहेको, पुँजीगततर्फका सार्वजनिक निर्माणतर्फका कार्यक्रमहरू टेन्डर तथा कोटेसनको प्रक्रियामा रहेको, दरबन्दीअनुसार कर्मचारीहरूको पदपूर्ति नहुँदा खर्च हुन नसकेको, प्रतिस्थापन विधेयकले पूर्वनिर्धारित कार्यक्रममा खर्च गर्न रोक्का भएको र बजेट संशोधन भएको हुँदा परियोजना कार्यान्वयन एकाइहरू पहिलो त्रैमासमा सम्पन्न गर्ने केही कार्य हुन नसकेको, नयाँ जोनको क्षेत्र निर्धारणको प्रक्रिया पूरा नभएको हुँदा प्रारम्भिक कार्यहरू हुन नसकेको आदि रहेका छन् ।

त्यस्तैगरी पूरक अनुदान कार्यक्रमअन्तर्गत समूह/सहकारी तथा संघसँग वार्ता तथा सम्झौता कार्यमा तथा तेस्रो आह्वानअन्तर्गत निजी फर्म तथा कम्पनीहरूको उप-आयोजना अवधारणा पत्रहरूको मूल्यांकन तथा स्थलगत प्रमाणीकरणको कार्यमा बढी समय लागेको एवं दातृ निकायहरूबाट नो अब्जेक्सन लेटर ढिलो गरी प्राप्त हुने गरेकाले प्रगति कम हुन गएको हो । यस अवधिका मुख्य-मुख्य उपलब्धिहरूमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत ८१ हजार मे.ट. रासायनिक मल, ६५.८ मे.ट. कृषि चुन र १०६३.८ मे.ट. बीउबिजन बिक्री-वितरण भएको छ । भारत सरकारबाट जी-टु-जीमार्फत पाँच वर्षसम्म मल खरिदका लागि दुवै देशका सचिवस्तरको बैठकमा समझदारी भई मल आयात तथा वितरण व्यवस्थासुधारको कार्ययोजना स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ ।

उत्पादन सामग्री आपूर्ति व्यवस्थापनमा सुधारको क्षेत्रमा व्यवसायिक खेतीका लागि १३५ लाख माछा भुर्रा (फ्राइ) उत्पादन तथा वितरण, प्रजननका लागि २० लाख शुद्ध नस्लका माछा भुर्रा (फ्राइ) उत्पादन तथा वितरण, १० हजार सौन्दर्य माछा उत्पादन तथा वितरण भएको छ । खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लस्टर एकाइ सप्तरीमा बोयर बाखाको २ वटा मल्टिप्लायर हर्ड (विष्णुपुर-२ बोका र बरियार पट्टी-१ बोका) स्थापना भएको र अन्य क्लस्टर एकाइमा तयारीको कार्य भइरहेको छ । कृषि बजार तथा पूर्वाधार निर्माण एवं सुधारको क्षेत्रमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार ठूलो कृषि बजार निर्माण कार्य (स्याङ्जा वालिङ) कोल्ड पूर्वाधार निर्माण र गुरुयोजनाअनुरूप स्थानीय तहहरूबाट प्राप्त माग एवं संघीय प्राथमिकताअनुसार आधुनिक कृषि उपज बजार स्थलको डीपीआर तयार गर्नका लागि सम्बन्धित स्थानीय तहहरूसँग समन्वय तथा प्रस्तावित स्थानहरूको फिल्ड भेरिफिकेसन कार्य भइरहेको छ । कृषि व्यवसायीकरण सहयोगको क्षेत्रमा उखुको लागि विनियोजित कुल रु. ८४ करोडमध्ये ८ जिल्लाको को.ले.नि.का.मा ७८ करोड ९ लाख ६१ हजार हस्तान्तरण गरिएकोमा हालसम्म रु. ५७ करोड ५७ लाख ४३ हजार (७३.७२ प्रतिशत) अनुदान रकम भुक्तानी भएको छ । कृषि क्षेत्र विकास कार्यक्रमअन्तर्गत १ सय ८३ वटा समूह सहकारीहरूको स्थलगत प्रमाणीकरण, ४० समूह सहकारीबाट माग भएका पूर्वाधारको स्थलगत प्रमाणीकरण, ८ वटा मागमा आधारित मूल्य श्रृंखला विकासका लागि कृषक समूह र सहकारीहरूलाई सहलगानी, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना अन्तर्गत २ सय ३९ वटा समूह र सहकारीसँग म्याचिङ ग्रान्ट सम्झौता भएको र पस्मिना मूल्य श्रृंखलासँग सम्बन्धित १३ वटा उप-आयोजना सम्झौताको चरणमा रहेको एवं ६० वटा मिल्क चिलिङ भ्याट वितरण र जडान भइरहेको छ ।

चिया उत्पादकहरूका लागि ट्रेडमार्क प्रयोग गर्न २०७८/०४/२९ गते सूचना प्रकाशन गरी नयाँ आवेदन माग गरिएकोमा प्राप्त निवेदनहरू संकलन भई फिल्ड अनुगमन कार्य भइरहेको र साथै ट्रेडमार्क प्रयोग इजाजतपत्र प्राप्त गरेका चिया उद्योग तथा प्याकेजरहरूको ट्रेडमार्क नवीकरण गर्ने प्रक्रियासमेत सुरु गरिएको छ, जसबाट चियाको गुणस्तरीय उत्पादन र बजारीकरणमा फाइदा पुग्ने देखिन्छ । आव २०७८/०७९ को कृषकस्तरमा उत्पादन हुने कफीको न्यूनतम मूल्य निर्धारण गरिएको छ, जसअनुसार फ्रेस चेरी ग्रेड ए रु. ९०, ग्रेड बी रु. ८०, पार्चमेन्ट ग्रेड ए रु. ४५०, ग्रेड बी रु. ३९७ एवं ड्राइ चेरी ग्रेड ए रु. १४८ र ग्रेड बी रु. ९५ निर्धारण गरिएको छ । बालीहरूको न्यूनतम समर्थन मूल्य मोटा धान र मध्यम धान क्रमशः रुपैयाँ प्रतिक्विन्टल रु. २७५२ र रु. २९०२ तोकिएको छ ।

पशु स्वास्थ्य नियमन तथा निदानतर्फ विभिन्न किसिमका खोप गरी जम्मा १ करोड ८ लाख डोज खोप उत्पादन एवं देशभरिका प्रयोगशालाबाट १५ हजार ५८ नमुना संकलन तथा परीक्षण भएको छ । ११ सय २५ वटा पशु आहारा (तयारी दाना, दानाको कच्चा पदार्थ, विभिन्न प्रजातिका घाँस), फिड सप्लिमेन्ट्स तथा दुधको नमुना संकलन तथा परीक्षण भएको भएको छ भने चिकित्सालयबाट ४ हजार २२ पशुपन्छीको उपचार गरिएको छ । दूध उत्पादन तथा व्यवस्थापनको क्षेत्रमा तीन वटा (काठमाडौं, हेटौंडा, लुम्बिनी) १ टन क्षमताका रेफ्रिजेरेटेड भ्यान दूध तथा दुग्ध पदार्थको गुणस्तर कायम राखी बजारीकरणको लागि खरिद गरि सञ्चालनमा ल्याइएको छ । दुग्ध पदार्थहरूको बिक्री तथा प्रवर्द्धनका लागि उपभोक्ता छुट तथा विक्रेता प्रवर्द्धन योजनाहरू लागू गरिनुका साथै जापानमा घ्यू निर्यातलाई निरन्तरता दिइएको छ ।

यस क्षेत्रमा स्थानीय कच्चा दूध संकलन : ७६,२४,८२३ लि., प्रशोधित दूध विक्री: ८५,९२,९७३ लि., चिज उत्पादन : ४१,१६८ के.जी, मख्खन उत्पादन: ३२,३७९ के.जी., घ्यू उत्पादन : १,२४,३३० लि. एवं दही बिक्री : ७,१५,३५० लि. भएको छ । खाद्य स्वच्छता तथा गुणस्तरको सवालमा खाद्य ऐन, २०२३ बमोजिम ४१८ वटा खाद्य तथा दाना नमुना संकलन भई विश्लेषण कार्य भइरहेको छ भने २ हजार ९ सयवटा खाद्य तथा दाना नमुना संकलन तथा विश्लेषण कार्य भएको छ । विषादी व्यवस्थापन तथा आयात-निर्यात नियमनतर्फ केन्द्र तथा मातहतका क्वारेन्टाइन कार्यालयहरूमार्फत जम्मा १२ सय ३० बिरुवा स्वास्थता प्रमाणपत्र र १३ हजार २ सय २० आयात इजाजतपत्र जारी भएको छ । बीउबिजन व्यवस्थापन तथा नियमनतर्फ मिति २०७८/०४/३२ गतेको नेपाल राजपत्रमा १४ वटा बालिका ३६ वटा नयाँ जातहरू सूचना प्रकाशन भई व्यावसायिक कारोबारका लागि योग्य भएका उन्मोचनका लागि १५ वटा, दर्ता २१ वटा भएको छ । प्राविधक उप-समितिको मिति २०७८/०५/०४ मा बसेको बैठकबाट धानको जुम्ली मार्सी र सिमीको जुम्ली सिमी १, जुम्ली सिमी २ र जुम्ली सिमी ३ जातहरू जात अनुमोदन, उन्मोचन र दर्ता उप-समितिमा सिफारिस भएको छ । यस कार्यले उच्च उत्पादन दिने बीउको उपलब्धता वृद्धि, पोषण युक्त जातहरूको उपलब्धता सुनिश्चित हुने र स्थानीय/रैथाने जातहरूको प्रवर्द्धन तथा संरक्षण हुने अपेक्षा गरिएको छ ।

बीज व्यवस्थापन प्रणालीअन्तर्गत डिजिटल सफ्टवेयर निर्माणको कार्य सम्पन्न गरी प्रथम चरणको केन्द्रीय स्तरको गोष्ठी सम्पन्न भएको छ । यसले विद्युतीय प्रणालीमार्फत स्रोत तथा उन्नत बीउको अनुदान कार्यक्रम सञ्चालन हुने विश्वास गरिएको छ । नेपालमा विकास भएका बीउबिजनको प्रवर्द्धन हुने एवं तन्तु प्रजनन प्रयोगशालाको स्थापना र सञ्चालनमार्फत प्रजनन बीउ आलु उत्पादन अनुमतिका निवेदन संकलनले उत्पादन गर्ने निजी तथा सरकारी टिस्यु कल्चर प्रयोगशालाको अनुमति पत्र दिने काम भएको छ । जात अनुमोदन, उन्मोचन तथा दर्ता अन्तर्गत १८ वटा रैथाने/स्थानीय जातहरू राजपत्रमा प्रकाशनको क्रममा छ भने धान बालीका ६ वटा जातहरू राजपत्रमा प्रकाशनको क्रममा छ । त्यस्तै बीउ प्रमाणीकरणमा श्रोत बीउ प्रमाणीकरण ७२१.४३ मे.टन गरिएको छ भने सूचित जातहरूको प्रयोग एवं गुणस्तरीय बीउको सहज उपलब्धतामा सहजता भएको छ ।

कृषि अनुसन्धान कार्यक्रमअन्तर्गत नेपाल कृषि अनुसन्धानबाट पञ्चीकरणका लागि पेस भएका जातहरू स्पर टाइपको स्याउ (स्टार क्रिमसन डेलिसियस), उत्पादकत्व : १०.२७ मे.टन/हेस्पर टाइपको स्याउ (ब्राईट एन अर्ली), स्पर टाइपको स्याउ (स्टार्क स्पर गोल्ड), धान रोप्ने मेसिनका लागि बेर्ना तयार गर्दा लाग्ने उपयुक्त बीउदर पहिचान भएको, कृषक कल सेन्टरमार्फत हरेक हप्ता बुधबार टोलफ्री टेलिफोन सेवा सञ्चालन गरिएको र यस त्रैमासिकमा जम्मा १ सय ६५ जना कृषकहरूलाई सेवा प्रदान गरिएको छ भने हरेक हप्ता २४ सय ६५ जना किसानलाई एसएमएसमार्फत कृषि प्रविधिजन्य सूचना प्रवाह गरिएको छ ।

सूचना तथा सञ्चारको क्षेत्रमा हप्ताको सातै दिन साझ ६:४० देखि ६:५५ सम्म रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारण भइरहेका जानकारीमूलक र सूचनामूलक कृषि कार्यक्रमबाट किसानहरू लाभान्वित भएका छन् । आ.व. २०७८/०७९ को प्रथम त्रैमासिक अवधिमा किसान कल सेन्टरमार्फत ४ सय ६७ जना किसानको कृषिसम्बन्धी समस्या सम्बोधन गरिएको छ भने नेपाल टेलिकमसँगको सहकार्यमा कृषिसँग सम्बन्धित विभिन्न उपयोगी जानकारीहरू (कृषि प्रविधि तथा मौसमसम्बन्धी जानकारी) मोबाइल एसएमएसमार्फत २३ हजार ५ सय कृषकहरूलाई ७ लाख सूचना प्रवाह भएको छ ।

व्यवस्थापन, नीतिगत प्रयास तथा सुधारहरूमा पशु स्वास्थ्य नीति, २०७८ र पशु प्रजनन नीति २०७८ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पठाइएको छ भने कार्य सञ्चालन प्रक्रियाहरू तयार गरी स्थानीय तहहरूमा पठाइएको छ । आव २०७८/०७९ मा सञ्चालन हुने कार्यक्रम सञ्चालनका लागि जम्मा ९ वटा कार्यविधि तयार भइ पेस भएकोमा ५ वटा कार्यविधि स्वीकृत भएको र बाँकी ४ वटा कार्यविधि स्वीकृत हुने क्रममा रहेको छ । कृषि व्यवसाय प्रवर्द्धन विधेयकको अन्तिम मस्यौदा तयार भई प्रदेश मन्त्रालयहरूमा रायका लागि पठाइएको छ ।

विषादी व्यवस्थापन नियमावली, २०७७ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नियमावली, २०७७ सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाउने चरणमा रहेको छ । राष्ट्रिय कृषि नीति, २०७८ मस्यौदा तयार भई प्रदेश र स्थानीय तहहरूसँग परामर्श, छलफल गर्ने क्रममा रहेको छ । *- साभारः कारोबारडेली*

# नेपाली कांग्रेस : खुल्ला र महिला सदस्य किन जिरो ?

निनाम लोवात्ती

हालै सम्पन्न भएको नेपाली कांग्रेसको १४औं महाधिवेशनमा खुल्ला केन्द्रीय सदस्यमा एक जना पनि महिला सदस्य निर्वाचित हुन नसकेकेको मात्रै होइन कि, उम्मेदवार नै भएनन् । एक जना आर्य खस समूहका पौडेल थरकी महिलाले उम्मेदवारी दिएको भए तापनि उनले ढिला गरी आफ्नो महिला सदस्यको उम्मेदवारी फिर्ता लिएकी थिइन ।

यसरी आरक्षण कोटामा बाहेक एक जना पनि अन्य जातजाति र समुदाय अथवा समूहका महिलाहरू आउन नसक्नु वा उनीहरूले खुल्ला केन्द्रीय सदस्यमा लड्ने आँट नगर्नु दुःखद् नै हो । खासमा खुल्ला महिला सदस्यमा अरूले नभए तापनि आर्य खस समूहबाट सदस्यमा लड्ने आँट गर्नु पर्थ्यो । त्यसो त नौ जना खुल्ला महिला केन्द्रीय सदस्यका लागि भएको निर्वाचनमा ३० जना महिलाले उम्मेदवारी दिएका थिए । त्यसमा पनि केहीले मात्रै आदिवासी जनजाति मूलकाले सदस्यमा उम्मेदवारी दिएका थिए ।

त्यस्तै खुल्ला पुरुष सदस्यमा ३५ जना निर्वाचित हुने व्यवस्था रहेकोमा दुई नेवार, दुई थारू र एक शेर्पा र एक तामाङ (दुवै जनाले 'लामा' पदलाई आफ्नो थरको रूपमा लेख्ने गर्छन् । त्यसो त खाई 'लामा' कि, पढी 'लामा' ? भनी आजभोलि प्रश्न गर्ने प्रचलन पनि बढ्दैछ । किनभने, पछिल्लो समय तामाङ जातिका विभिन्न थरका मान्छेहरूले आफू अलि पढालेखा भएपछि र धन-सम्पत्ति कमाएर धनी बन्दै गएपछि 'लामा' लेख्न थालेका छन् ।) गरी ६ जना मात्रै आदिवासी जनजातिका नेताहरू नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा निर्वाचत हुन सकेका छन् भने दलित र मुस्लिम त एक-एक जना पनि निर्वाचित हुन सकेनन् । हुन पनि ३५ जना खुल्ला केन्द्रीय सदस्य निर्वाचित हुनका लागि नेपाली कांग्रेसबाट ९९ जनाले उम्मेदवारी दिएका थिए । त्यसमध्ये सात जना आदिवासी जनजाति मूलका मान्छेहरू मात्रै उम्मेदवारी दिएका थिए । यसले गर्दा जुनसुकै राजनीतिक दलमा पनि अझै केही दशक पुरुषहरू नै त्यसमा पनि आर्य खस समूहकै वर्चश्व रहने ऐना जत्तिकै छर्लंग देखाएको छ ।

त्यसो भए तापनि नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट निर्वाचित भएर आएको १३ जनाको जुन नयाँ पदाधिकारीको टिम आएको छ, त्यसलाई भने हामीले धेरै हदसम्म 'समावेशी नै मान्न सकिन्छ !' यसो भनी रहँदा देशको सम्पूर्ण जनसंख्यामा लगभग ५१ प्रतिशत जनसंख्या रहेको र, ३३ प्रतिशत कानुनले नै आरक्षण गरेको वा भनौं तोकेको महिला कोटामा भने जम्मा एक जना महिला मात्रै निर्वाचित हुनुलाई भने समावेशी मात्रै भन्न सकिन्छ, पूर्ण समानुपातिक भन्न कदापि सकिँदैन ।

हुन पनि जोसुकैले जेसुकै भने तापनि नेपालको सन्दर्भमा व्यवहारमा 'समावेशीकरण, समानुपातिक समावेशीकरण र नेपालको सम्पूर्ण जनसंख्याको आधारमा समानुपातिक समावेशीकरण'को नीति अनेक कारणहरूले गर्दा तत्कालै लागू हुन नसक्ने अवस्था रहेको छ । यो कुरो हामीले खुल्ला फदयले स्वीकार गर्नैपर्छ । किनभने, यो कुरो नेपालमा रहेका कतिपय जातीय, भाषिक, धार्मिक, अल्पसंख्यकलगायत अन्य सामाजिक संघ-संस्थामा पनि लागू हुन नसकेको स्थिति रहेको साँचो हो । त्यसैले गर्दा हामीले मुखले बोलेर वा हातले लेखेर जति नै ठूलो स्वरले भने तापनि वा भँगेरे अक्षरको शीर्षक राखेर लेखेता पनि 'समावेशीकरण, समानुपातिक समावेशीकरण र अझ नेपालको सम्पूर्ण जनसंख्याको आधारमा समानुपातिक समावेशीकरणको नीति लागू गर वा भनौं लागू गरौं !' भन्दा पनि सही मानेमा सो नीति लागू हुन सकेको छैन । यसरी हेर्दा अनेक कारणले गर्दा तत्कालै जनसंख्याको आधारमा पूर्ण समानुपातिक, समानुपातिक र समावेशीकरणको नीति व्यवहारमा लागू हुन सक्ने स्थिति समेत छैन, मुखले 'समावेशीकरण, समानुपातिक समावेशीकरण र नेपालको सम्पूर्ण जनसंख्याको आधारमा समानुपातिक समावेशीकरण !' चाहिन्छ भन्नु फरक कुरो हो ।

हाम्रो देशको वास्तविक अवस्था वा भनौं चित्र कस्तो छ भने, साँच्चै नेपालका सबै जातजाति, भाषाभाषी, धार्मिक समूह, अल्पसंख्यक, लिंग, वर्ग, क्षेत्र, भिन्न क्षमता भएका, तेर्स्रो लिंगी आदिलाई अहिलेदेखि हरेक क्षेत्रमा आरक्षण वा कोटा दिएर समावेश गर्छु भनेता पनि राजनीतिक दल र सरकारले उनीहरूले 'योग्य, सक्षम र क्षमता भएका !' उम्मेदवार भेटाउन सक्दैनन्, यो कुरो वास्तविक हो, साँचो हो । त्यस्तै कतिपय अवस्थामा त त्यस्ता समूह, वर्ग वा 'मा उम्मेदवार नै पनि भेटाउन नसक्ने अवस्था रहेको पनि साँचो र यथार्थ नै हो । तापनि सरकार र राजनीतिक दलहरूले नेपालका कतिपय जातजाति, भाषाभाषी, धार्मिक समूह, अल्पसंख्यक, लिंग, वर्ग, क्षेत्र, भिन्न क्षमता भएका, तेर्स्रो लिंगी आदिलाई आरक्षण वा कोटा दिएर मात्रै हुन्छ ? उनीहरूमा 'योग्यता, सक्षमता र अनुभव भएका मान्छे खोई त ?' उम्मेदवार नै भेट्टाउन सकिँदैन, अनि कसरी, भन्ने भन्दा पनि अबका दिनमा नेपाल सरकार र नेपालका राजनीतिक दलहरूले 'सकारात्मक विभेदको नीति' लिएर भए पनि माथि उल्लेख गरिएका अधिकांश जातजाति भाषाभाषी, धर्म, लिंग, वर्ग, क्षेत्र, भिन्न क्षमता भएका, तेर्स्रो लिंगी आदिलाई हरेक क्षेत्रमा सकेसम्म र भेटेसम्म सबै वर्ग, समूह, धर्म, जातजाति भाषाभाषीलाई सकेसम्म आरक्षण दिने, समावेशीकरण गर्दै लैजाने नीति पो लिने हो कि ? भन्छु, म आफू त के जान्नु र ? तर, अब यस सम्बन्धमा सम्बन्धित विषयका विषयविज्ञ अर्थात् ज्ञाताहरूले ढिला गर्नु हुँदैन ।

जे भए तापनि गत मंसिर २४ गतेदेखि २७ सम्म काठमाडौंमा सम्पन्न नेपाली कांग्रेसको १४ औं राष्ट्रिय महाधिवेशनले नेपाली कांग्रेसमा निर्वाचित भएका १३ जनाको जुन पदाधिकारीको टिम छ, सो टिम अन्य राजनीतिक दलहरूमा हेरेर धेरै नै समावेशी रहेको छ । यसरी हेर्दा आफ्नो दलभित्रको गुट वा समूह नहेरेर उम्मेदवारको क्षमता, उमेर समूह, जातजाति वर्ग आदि हेरेर पदाधिकारीमा भोट हाल्ने नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधिहरूलाई धन्यवाद दिनैपर्छ । यसो हुन सक्नुमा नेपाली कांग्रेस पार्टी अरू राजनीतिक दलहरू हेरेर 'डेमोत्फ्र्याटिक !' भएकोले गर्दा पनि हुन सक्छ । किनभने, रहेक राजनीतिक दलको महाधिवेशन आउने हल्ला सुरु हुनासाथ नेपालका राजनैतिक दलहरू कति समावेशी छ ?, कति समानुपातिक समावेशी छ ? भन्ने प्रश्नले पनि महत्व राख्दै आउन थालेको छ । - *बाँकी ३ पेजमा...*

# परिचय सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिकालाई मुख्य कार्यक्षेत्र बनाएर सञ्चालित परिचय बचत तथा ऋण सहकारी संस्थाले साधारणसभा गरेको छ ।

सहकारीका अध्यक्ष दिपक तिमिल्सिनाको सभाध्यक्षता तथा प्रदेश सहकारी बोर्डका उपाध्यक्ष नारायण देवकोटाको प्रमुख आतिथ्यतामा परिचय साकोसले शनिवार १२ औं वार्षिक साधारणसभा भएको हो । सहकारीले आर्थिक वर्ष २०७७/०७८ मा ३ करोड ५ लाख ८ हजार १ सय रुपैयाँ शेयर पुँजी संकलन गरेको छ । सहकारीको कुल निक्षेप १० करोड ४० लाख ३८ हजार ३ सय ५ रुपैयाँ ८५ पैसा पुऱ्याएको छ । सहकारीले ११ करोड ९६ लाख ६८ हजार ५ सय ६२ रुपैयाँ ऋण सापटी पुऱ्याएको साधारणसभामा जनाएको



छ । गत आव २०७७/०७८ मा सहकारीले कर्जा सापटी र लगानीबाट १ करोड ४२ लाख १५ हजार ८ सय ५५ रुपैयाँ ब्याज आम्दानी गरेको छ । कर्ला सापटी र लगानीबाट तथा सेवा शुल्कलगायत अन्य विविधतर्फबाट २३ लाख ८४ हजार ९ सय ६५ रुपैयाँसहित कुल १ करोड ६६ लाख ८ सय २० रुपैयाँ आम्दानी गरेको सहकारी सचिव सुशान्त तिमल्सिनाले जानकारी दिए । सहकारीको कुल खर्च १ करोड ६३ लाख २२ हजार ९ सय ७८ रुपैयाँ रहेको छ । यसैगरी सहकारीको खुदनाफा २ लाख ७७ हजार ८ सय ४१ रुपैयाँ भएको जनाइएको छ ।

सहकारीले साधारणसभाको अबसरमा उत्कृष्ट बचतकर्तामा जयजुना डोल्मा लामा, ज्ञानतीदेवी बानियाँ, दिपबहादुर काफ्ले र इन्द्रबहादुर ढकाल पुरस्कृत भएका छन् ।

उत्कृष्ट कारोबारी नानीमाया थापा र अभिमन्यु जैसवाल पुरस्कृत भएको जनाइएको छ । साथै उत्कृष्ट कमर्चमारी उपेन्द्र न्यौपाने भए ।

प्रदेश सहकारी बोर्डका उपाध्यक्ष नारायण देवकोटाको प्रमुख आतिथ्यता तथा सहकारीका अध्यक्ष तिमिल्सिनाको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघकी अध्यक्ष कल्पना श्रेष्ठ, हेटौंडा उपमहानगरपालिकाको सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, सहकारी बैंक हेटौंडा शाखाका प्रबन्धक रामेश्वर अर्यालको आतिथ्यता रहेको थियो ।

# दियालो सहकारीमा बर्तौलाको नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिकास्थित दियालो बचत तथा ऋण सहकारी संस्थाले नयाँ नेतृत्व पाएको छ ।

हेटौंडा-३, मा रहेको सहकारीको शनिवार भएको ७ औं साधारणसभाले दिपक बर्तौलाको अध्यक्षतामा नयाँ कमिटी गठन गरेको हो । सहकारीको उपाध्यक्षमा भवानी बस्ताकोटी, सचिवमा दिपक शिवाकोटी, कोषाध्यक्षमा पशुपति नहर्की चयन भएका छन् ।

सदस्यमा अनिल पाठक, सुष्मा दुलाल, दलबहादुर थापा मगर चयन भएका छन । सहकारीको लेखा समितिमा पुरुषोतम न्यौजानेको संयोजकत्वमा सरिता शाही र देवी कुमारी थिङ सदस्य चयन भए ।

शिक्षा उपसमितिमा दल बहादुर थापा संयोजक बने । पशुपति नहर्कीको संयोजकत्वमा ३ सदस्यीय ऋण उपसमितिपनि गठन भएको छ । शिवराज बर्तौलालाई बरिष्ठ सल्लाहाकार चयन गरिएको सहकारीले जानकारी दिएको छ ।



संस्थाका निवर्तमान अध्यक्ष शिवराज बर्तौलाको सभाध्यक्षता तथा जिल्ला बचत तथा ऋण सहकारी संघका सचिव विरेन्द्र ढुंगानाको प्रमुख आतिथ्यता तथा हेटौंडा-३ नम्बर वडाका वडा अध्यक्ष रामकुमार पुडासैनीको विशिष्ट आतिथ्यतामा साधारणसभा भएको हो ।

६ सय ३१ जना सदस्य आबद्ध रहेको सहकारीको आर्थिक बर्ष २०७७/०७८ को असार मसान्त सम्म शेयर पूँजी ५२ लाख, निक्षेप २ करोड हाराहारी रहेको छ । यसैगरी ऋण लगानी २ करोड ५० लाख रहेको छ । साधारणसभाको अबसरमा जेष्ठ नागरिक शेयर सदस्यमा मिठ्ठु माया थापा मगर, एकल महिला शेयर सदस्य गिता श्रेष्ठ, देबकुमारी लामा, उत्कृष्ट ऋणीतर्फ सृजना भ्लोन, उत्कृष्ट बचतकर्ता सुनिता पाठक, सन्त बहादुर नेपाललाई पुरस्कृत गरिएको छ । संस्थाले संचालन गरेको दुग्ध केन्द्रमा धेरै दुध बिक्री गर्ने दिलसरा डाँगीलाई पुरस्कार प्रदान गरिएको छ ।

साधारणसभामा हेटौंडा-१९ मा रहेको मनकामनामाई बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष हरिवंश भेटवाल, परिवर्तन महिला बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष सविना विडारी, दिव्यतारा बचत तथा ऋण सहकारी संस्था सान्नाटार शाखाका राजु घलेलगायतको आतिथ्यता रहेको थियो ।

# सनातन धर्म संरक्षण संस्थामा पुनः सुवेदी



साझाकुरा संवाददाता

हेटौंडा/मनकामना सनातन धर्म संरक्षण संस्थाको अध्यक्षमा दुर्गाबहादुर सुवेदी चयन भएका छन् । संस्थाको १३ र १४ औं संयुक्त साधारणसभाले सुवेदीको नेतृत्वमा नयाँ कार्यसमिति पुर्नगठन भएको हो ।

संस्थाको उपाध्यक्षमा रामप्रसाद सुवेदी, सचिवमा शत्रुघन ग्यालन, सहसचिवमा खिलबहादुर खाती, कोषाध्यक्षमा गंगा पाठक चयन भएका छन् । सदस्यहरुमा गोविन्द पराजुली, लक्ष्मी खड्का, पुरुषोत्तम श्रेष्ठ, रुपबहादुर खतिवडा, रामचन्द्र न्यौपाने, अम्बिका गिरी र प्रजापति सुबेदी चयन भएको संस्थाले जानकारी दिएको छ ।

साधारणसभाबाट तीन सदस्यीय निर्वाचन मण्डलले नयाँ कार्य समिति चयन गरेको हो । निर्वाचन मण्डलमा नारायण सुवेदी, नवराज सुबेदी राधादेवी पाठक चयन भएका थिए । मनहरी गाउँपालिका वडा नम्बर ७ का वडा अध्यक्ष ठाकुरराम तितुङको प्रमुख आतिथ्यतामा साधारणसभा गरिएको थियो ।

हेटौंडा निवासी बिनोद सुबेदी, मनहरी-७ का राजु रिजाल र महालक्ष्मी बैंक र मनहरी-८ की ठुली माँया सुबदीलाई सम्मान गरिएको छ । उनीहरुले संस्थालाई तीस हजार नगद भन्दामाथि सहयोग गरेको जनाइएको छ ।

मकवापुर उद्योग वाणिज्य संघ पशिचम क्षेत्र मनहरीका सभापति नारायण सुवेदी, साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष बिमला कार्की, नेपाली काङग्रेस मनहरी गाउँ कमिटीका सभापति प्रकाश बर्तौला, रामप्रसाद इटनी, सुरेन्द्रबहादुर शाहलगायतले कार्यक्रममा आफ्नो धारणा राखेका थिए ।

# ग्रामीण सहकारीको अध्यक्षमा श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा/ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको अध्यक्षमा प्रतिमा श्रेष्ठ चयन भएकी छिन् । यसअघि सचिव रहेकी श्रेष्ठलाई शनिवार भएको २२ औं साधारणसभाले अध्यक्षमा चुनेको हो ।

उपाध्यक्षमा भोलाप्रसाद अर्याल, सचिवमा बालकृष्ण न्यौपाने, कोषाध्यक्षमा राजेन्द्रप्रसाद पुडासैनी, सहसचिवमा शंकरबहादुर रोक्का चयन भएका छन् । सदस्यमा ज्योति काफ्ले, गिता कोइराला, शरनबहादुर घले, कृष्णप्रसाद घिमिरे, जयराम अर्याल र प्रदीप अधिकारी चयन भएका छन् । साधारणसभा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख अतिथ्यता तथा अध्यक्ष राजु अधिकारीको सभाध्यक्षतामा भएको थियो ।

कार्यक्रमको अबसरम ११ जना सेयर सदस्यलाई पुरस्कृत तथा सम्मानगरिएको थियो । जेष्ठ सदस्य टिकाकुमारी अर्याल र खेमनाथ घिमिरे, बाल बचतकर्ता रसिम श्रेष्ठ,



नियमित तथा असल बचतकर्ता विवेक भट्टराई, सञ्जु श्रेष्ठ, राजकुमार कार्की र प्रमेश राईलाई पुरस्कृत गरिएको छ । असल ऋणीतर्फ फुलमाया तामाङ, सितादेवी दास, धनशंकर खतिवडा, धर्मराज ढकाललाई पुरस्कार प्रदान गरिएको छ ।

सहकारीले मकवानपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित कार्यसमिति र नेपाल जेसीजको राष्ट्रिय उपाध्यक्षमा निर्वाचित रश्मि बस्नेतलाई स्वागत तथा सम्मान गरिएको छ । सहकारीले आर्थिक वर्ष २०७७/०७८ मा १४ करोड २१ लाख ३१ हजार ८ सय ५९ रुपैयाँको कारोबार गरेको प्रतिवेदनमा उल्लेख गरिएकोछ । २ करोड ३ लाख ३५ हजार ४ सय शेयर पुँजी रहेको सहकारीले आफ्ना शेयर सदस्यलाई १२ करोड ५६ हजार ऋण लगानी गरेको जनाइएकोछ ।

साधारणसभामा प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटा, हेटौंडा-१२ का वडा अध्यक्ष ललित घलान, मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरी न्यौपाने, मकवानपुर घरजग्गा व्यवसायी संघका अध्यक्ष ध्रुव घिमिरेलगायतको आतिथ्यता रहेको छ ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


# सितुमा श्रेष्ठको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा/सितु बचता तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्षमा गणेशकुमार श्रेष्ठ चयन भएका छन् ।

हेटौंडा-१ मा रहेको सहकारीको शनिवार भएको ११ औं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

सहकारीको उपाध्यक्षमा सुमित्रा श्रेष्ठ मानन्धर, सचिवमा महेश श्रेष्ठ, सहसचिवमा सानुकाजी महर्जन र कोषाध्यक्ष शोभा श्रेष्ठ चयन भएका छन् । सहकारीको सदस्यहरुमा रितु प्रधान, रञ्जु श्रेष्ठ, विक्रमलाल श्रेष्ठ, महेन्द्रमान श्रेष्ठ, सुष्मा श्रेष्ठ, विश्वेश्वर श्रेष्ठ चयन भएको जनाइएको छ ।

सहकारीका निवर्तमान अध्यक्ष महारत्न बज्राचार्यको भाध्यक्षता तथा मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघकी अध्यक्ष कल्पना श्रेष्ठको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । साधारणसभाले लेखा समिति संयोजकमा धिरेन्द्र शाक्य चयन भएका छन् ।

# पुस्तान्तरणको मार्ग कोर्दै रुपान्तरित कांग्रेस

काठमाडौं (रासस)/ बुधबार अमेरिकी राष्ट्रपति जो बाइडेनलाई अमेरिकी एबीसी टेलिभिजनसँगको अन्तर्वार्तामा पत्रकार डेभिड मुइरले सोधे-अर्को कार्यकालको राष्ट्रपति पदमा उठ्ने यहाँको योजना छ ? बाइडेनको जवाफ थियो-उठ्छु, किन नउठ्नु ? म अहिले जत्तिकै सक्रिय रहे भने अर्थात् स्वास्थ्यले साथ दियो भने उठ्छु । राष्ट्रपति बाइडेन अबका केही महिनामा ८० वर्षमा उक्लिने तयारीमा छन् । त्यहाँको अर्को निर्वाचन सन् २०२४ मा हुन्छ र त्यतिबेला उनले ८४ वर्ष लाग्ने तरखर गर्दै होला ।

उता गत वर्षमात्र राजनीतिक जीवनबाट विश्राम लिएका मलेसियाका निवर्तमान प्रधानमन्त्री ९६ वर्षीय महाथीर मोहम्मदले ९४ वर्षको उमेरमा प्रधानमन्त्रीको सपथ लिए । महाथीर मोहम्मद एक सामान्य राजनीतिकर्मी नभएर अहिलेको मलेसिया बनाउने व्यक्तिको नाम हो । त्यसबेला मेलेसिया र बाहिरी विश्वमा बहस नै भयो कि ९४ वर्षमा पनि किन मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारीमा जानुपऱ्यो ? राजनीतिमा उमेरको बहस यसैगरी समयसमयमा देश विशेषमा उठ्छ र हराउँछ ।

पाँच वर्षअघिको तेह्रौं महाधिवेशनमा नेपाली कांग्रेसका एक तिहाइजति महाधिवेशन प्रतिनिधि आएका थिए ३० वर्ष हाराहारीका । त्यसका कारण थियो कांग्रेसका भ्रातृ संगठनको महाधिवेशन लामो समयदेखि रोकिनु । नेपाल विद्यार्थी संघ, नेपाल तरुण दललगायत सबैजसो भ्रातृ संगठनका सम्मेलन, महाधिवेशन ठप्प भएपछि कांग्रेसका युवा कहाँ जाने ? पार्टीको महाधिवेशन सुरु भयो, उनीहरु पनि त्यतै लागे । चुनाव उठे, निर्वाचित भएर आए । यसरी अघिल्लो महाधिवेशनमा इतिहासमै सबैभन्दा बढी युवा चुनिएर आए भनिएको थियो ।

यता नेपाली कांग्रेसमा सशक्त र युवा छविका नेता गगन थापाको महामन्त्री उठ्ने तयारी थियो । त्यस बेलाको नारा नै थियो-युवाले युवालाई छान्नुपर्छ, बुढापाकाको मात्र भनिएको कांग्रेसलाई अब युवा वर्गमा पुस्तान्तरण गर्दै लैजानुपर्छ । यही आशामा रहेका थापाको परिणाम भने त्यस्तो आएन । महामन्त्रीमा थापाले ६०० भन्दा केही बढी मत मात्र पाए ।

अघिल्लो जस्तो रहेन कांग्रेसको १४ औं महाधिवेशन । अहिले भने यसले छानीछानी युवा रोजेको छ । अघिल्लोमा पार्टीका महाधिवेशन प्रतिनिधि मात्र युवा छनोट गरेको कांग्रेसले अहिले केन्द्रीय समिति र पदाधिकारीमै युवाको मूल फुटायो । काठमाडौँमा कुन्दनराज काफ्ले तथा अजयबाबु शिवाकोटीदेखि उता कर्णालीमा बद्री पाण्डेसम्म छुटेका छैनन् । यता जीवन परियारदेखि मधेसमा मुक्ताकुमारी सम्मलाई यो महाधिवेशनले पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्म चुनेको छ ।

अघिल्लो महाधिवेशनमा युवा प्रतिनिधिले नै युवा छान्न नसकेको भनिएको बेजो अहिलेका युवाले उठाएका छन्भन्दा हुन्छ । बुढापाकाको भनिएको नेपालको पुरानो प्रजातान्त्रिक पार्टी कांग्रेस अब भने युवामय बनेको छ । बुढापाकाको पार्टी भनिएको कांग्रेसमा युवापुस्ताको रुपान्तरणको बहस हिजो निकै चल्यो । यो पछिल्लो महाधिवेशनको परिणाम हेर्दा अब पार्टी लगभग युवाको पोल्टामा रुपान्तरित भएको देखिएको । त्यसैले अब यो बहस सुरु भएको छ-के युवावर्गको उपस्थिति मात्रले कांग्रेस रुपान्तरित हुन्छ ? या यो रुपान्तरणले अबको कांग्रसलाई पुस्तान्तरणसम्म पुऱ्याउन मद्दत गर्छ ? अथवा कांग्रेस या अरु कुनै पनि पार्टी या देशको निर्माण र रुपान्तरण युवाबाट मात्र सम्भव छ ? अथवा युवाको प्रतिनिधित्व मात्र पार्टीको जीवन या पुनर्जीवन हो ?

कुनै पनि पार्टीलाई जीवन्त राख्ने 'अक्सिजन' विचार हो । अनि त्यो विचारलाई क्रियाशील बनाएर जनजनमा पुऱ्याउन क्रियाशील नेतृत्वको आवश्यकता त पर्छ नै । विचार आफैंमा विचरण गर्ने वस्तु होइन । त्यसलाई चलायमान बनाउन चलायनमान हुनसक्ने नेतृत्व नै आवश्यक रहन्छ । त्यसैले युवाको उपस्थिति मात्र पार्टीको क्रियाशील जीवन होइन । ती युवाको क्रियाशीलताले विचार बोकोस र पार्टीका कार्यकर्ता उत्पादन गर्ने नर्सरीका स्वरुपमा रहने भ्रातृ संगठन र समग्र कार्यकर्तासम्म त्यो विचार र कार्यक्रमलाई कुशलरुपमा लैजान सकुन् । पार्टीमा युवाको प्रतिनिधित्वको बहस जुनसुकै पार्टीमा हिजो पनि थियो । तर अहिले यो बहस कांग्रेसको नेतृत्वमा आएका गगन थापा, विश्वप्रकाश शर्मा र अरु युवाको प्रतिनिधित्वले सतहमा ल्याएको मात्र हो ।

त्यसो त उनीहरुको उपस्थितिलाई मात्र नभएर आजसम्मको क्रियाशीलता र विचारलाई नै आवश्यक ठानेर महाधिवेशनले उनीहरुलाई चुनेको हो । तर पनि अबका उनीहरुका कार्यक्रमले मात्र पार्टीको भविष्य निर्धारण गर्ने हो । यसैले नै पार्टीमा पुस्तान्तरणको मार्ग कोर्ने हो । माथि प्रस्तुत दुई विदेशी पाका राजनीतिज्ञको दृष्टान्तबाट राजनीतिमा उमेरको बार त्यति आवश्यक नपर्न पनि सक्छ ।

तर यी दृष्टान्तबाट पार्टीमा युवावर्गको आवश्यकतामाथि प्रश्न गर्नु यो आलेखको आशय भने होइन । बाइडेन र डोनाल्ड ट्रम्पका तुलनामा ४६ र ४७ वर्षमा राष्ट्रपति बनेका बिल क्लिन्टन र बाराक ओबामाका कार्यकाल राम्रो पक्कै थिए होलान् । अनि ९४ वर्षमा प्रधानमन्त्री हुँदाभन्दा सन् १९८० को दशकमा देशको कार्यकारी प्रमुख बनेर बलेसिया बनाएको महाथिर मोहम्मदको जाँगर पक्कै जोसिलै हुँदो हो । तर पनि वास्तविकता के हो भने उनीहरुका फरक उमेरमा पनि उचित विचार बोकेकैले ती देश र कार्यकालले कोल्टे फेरेको भने पक्कै हो ।

कांग्रेसको भर्खरै सकिएको महाधिवेशनले यो दुवै सन्देश राम्रोसँग दिएको छ । किनभने कांग्रेसमा विचारका साथै परिपक्व र युवा उमेरलाई महाधिवेशनले नेतृत्वमा पुऱ्याइदिएको छ । पार्टीमा पाको उमेरका अनुभवी र परिपक्व शेरबहादुर देउवालाई मूल नेतृत्वमा पुऱ्याएको छ भने ठूलो संख्यामा युवा वर्गलाई पनि पदाधिकारीदेखि केन्द्रीय समितिसम्म पुऱ्याएको छ । यो हेर्दा लाग्छ समय समयमा माओवादी अध्यक्ष प्रचण्डले भन्ने गरेजस्तै 'फ्युजन' वास्तवमा कांग्रेस पार्टीभित्र भएको देखिएको छ ।

अर्कातर्फ पार्टीमा आफू निकटका एक सक्रिय र अनुभवी नेता डा प्रकाशशरण महतबाहेक सभापतिमा पुन:निर्वाचित शेरबहादुर देउवालाई अपेक्षित नै परिणाम हात लागेको छ । केन्द्रीय समितिमा उनको ८० प्रतिशतभन्दा पनि बढी बहुमत प्रारम्भिकरुपमा देखिएको छ । यो सुविधाले पनि उनलाई आगामी दिनमा पार्टी र यसमार्फत देशलाई नै लाभ दिलाउन थप सजिलो बनाइदिएको छ । फेरि पार्टीमा युवा वर्गले मात्र नभएर रुपान्तरणको मुद्दा सभापति देउवाले पनि उठाएका हो । सभापतिका आकांक्षी देउवाले नै उत्साह, एकता र रुपान्तरणलाई आफ्नो नारा बनाएको थियो । सायद अब यही पुस्ताको कार्यक्षमता र कार्यकुशलताले अब पार्टीमा पुस्तान्तरणको मार्ग कोर्ने छ र आगामी दिनमा अहिलेको रुपान्तरणको जस्तै युवालाई पार्टीको पुस्तान्तरणको लागि पनि तयार पार्नेछ ।

**सभापति र प्रधानमन्त्रीका अवसर र चुनौती**

नेकपा बनेको तीन वर्षमै अन्तरपार्टी विरोध उत्पन्न भयो । विरोधमा मात्र सीमित रहेन, यसले विग्रह र अन्ततः विभाजन नै निम्त्यायो । जसको रिस दुई पटकसम्म संसद्सामु पोखियो र विघटन गरियो । यद्यपि, दुवैपटक संसद्लाई पुर्नजीवन दिलाउने कार्यको नेतृत्व प्रमुख विपक्षी दलको नेताको हैसितमा शेरबहादुर देउवाले गरे । त्यसपछि नेकपाकै एक घटकको साथ र सहयोगमा देशले नयाँ सरकार पायो र त्यसको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले गरे ।

यहाँ यो दृष्टान्त पेश गर्नुका कारण के हो भने नेकपा, मधेसी र अरु पार्टीमा पनि यसबीचमा टुटफुट आयो तर कांग्रेस भने एकताबद्ध रह्यो । यसको अर्थ कांग्रेसमा अन्तरपार्टी कलह नरहेको भने होइन । पार्टीभित्र साठी चालिसको घेरा तेह्रौं महाधिवेशनदेखि नै कोरिएको थियो र यसले अन्तरपार्टी कलह बढाएकै थियो । अर्को कुरा अघिल्लो संसदीय चुनावमा नेकपा एक भएर जाँदा कांग्रेसले चुनाव हारेपछि त्यसको अपजस पनि सभापति देउवाकै थाप्लोमा परेको हो । यी सबै अपजसलाई उनले थेग्दै पार्टीलाई १४ औं महाधिवेशनसम्म ल्याए ।

पार्टीभित्रै पनि भ्रातृ संगठन र विभाग गठन गर्न नसकेको अपजस पनि उनीमा थियो नै । यी सब विरोधका बाबजुद पनि उनले धैर्य गरे र पार्टीलाई एकताबद्ध बनाएरै ल्याए । हरेक निर्णयमा सभापति देउवाले आफूलाई पार्टीमा उपलब्ध बहुमतको सहारा लिन चाहनु भएन । पार्टीले गर्ने हरेक निर्णयमा बहुमतको निर्णय नभएर सहमतिका आधारमा गर्नुपर्छ भन्ने उनको अडान थियो । अहिले सबैको धारणा यही छ कि उनको यही क्षमताकै कारण पार्टी एकता कायम भएको हो ।

प्रधानमन्त्री देउवाका काँधमा सभापतिका रुपमा पार्टी हाँक्नुपर्ने चुनौती त छँदैछ, देशको विशिष्ठ राजनीतिक परिवेशको निकासमा पनि उनको कुशलता अझै आवश्यक छ । झण्डै दुई तिहाइको नेकपाको सरकारले देशलाई निकास दिन नसकेपछि यो विशिष्ठ परिस्थितिमा बनेको सरकारको नेतृत्व अहिले उनले गर्दै छन् । अब स्थानीयदेखि संघीय संसद्सम्मको निर्वाचन गर्नु पर्नेछ । पक्कै पनि निर्वाचन भनेको चुनौतीपूर्ण काम हो नै । त्यसमा पनि स्थानीय तहदेखि प्रदेश संसद् हुँदै संघीय संसद्को निर्वाचन गर्नु पर्नेछ । ती काम सन्निकटमै रहेकाले अब सरकारले गृहकार्य थाल्नुपर्ने अवस्था छ । यसका अतिरिक्त देउवाले कांग्रेसको सभापतिका रुपमा दोस्रो पटक आफूलाई अघि सार्दा सबै तहका निर्वाचनमा पार्टीलाई ठूलो पार्टी बनाउँछु भनेका छन् ।


**JCI Bastipur**

**साधारणसभा सम्बन्धी सूचना**

बस्तीपुर जेसीज हाँडीखोलाको ९ औं बोर्ड बैठकको निर्णयअनुसार जेसीजको ११ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकाले अनिवार्य उपस्थितिको लागि बस्तीपुर जेसीजमा आवद्ध सम्पूर्ण सदस्यहरुमा हार्दिक निमन्त्रणा गर्दछौं ।

**मिति: २०७८ साल पुस १६ गते**
**स्थान: हात्तीगौंडा, जेसीज वन क्षेत्र, हेटौंडा-१९**
**समय: बिहान ७ बजे**

**जेसी जयराम सुवेदी**
**निर्वाचन आयुक्त**
**बस्तीपुर जेसीज हांडीखोला**



**हार्दिक बधाई**



यस हार्डवेयरका संचालक **बालकृष्ण न्यौपाने** ज्यू, ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.को गरिमामय सचिव पदमा सर्वसम्मत चयन हुनुभएकोमा उहाँको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**हाम्रो हार्डवेयर परिवार**
हेटौंडा-४


# बृद्धाश्रममा सहकारीको सहयोग

हेटौंडा/मकवानपुर सहकारी अस्पतालले हेटौंडा-२ स्थित ओम बृद्धाश्रममा आश्रितलाई नि:शुल्क स्वास्थ्य उपचार सेवा प्रदान गर्ने भएको छ । आश्रममा आश्रित व्यक्तिहरुको त्रैमासिक रुपमा आश्रममै पुगेर उपचार सेवा गर्नेगरी सहकारीले सम्झौता गरेको छ ।


***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com





# लेखापढीको नेतृत्वमा बजगाईं

साझाकुरा संवाददाता

हेटौंडा/नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन इकाई समिति मकवानपुरको अध्यक्षमा पदमबहादुर बजगाईं निर्विरोध निवार्चित भएका छन् । एसोसिएसनको २५ औं वार्षिक साधारणसभा तथा नवौं अधिवेशनले बजगाईंलाई अध्यक्ष चयन गरेको हो ।

बिहिबार, शुक्रबार र शनिबार तीन दिन भएको साधारण सभा र अधिवेशनले बजगाईंको अध्यक्षतामा १३ सदस्यीय समिति सर्वसम्मत चयन गरेको छ । एसोसिएसनको उपाध्यक्षमा तेजराज पाण्डे, सचिवमा बालकृष्ण तिमल्सिना, कोषाध्यक्षमा रमेश ढकाल, सह-सचिवमा मनिष पौडेल र सह-कोषाध्यक्षमा विमला गौतमलाई चयन गरको छ ।

एसोसिएसनको सदस्यहरुमा राजेन्द्र ढकाल, दिपेश ओली, नवराज रिजाल, विमल खत्री, दुर्गा कुमारी ठकुरी, भीम कुमारी रेग्मी र पवन अर्याल सदस्यमा निर्वाचित भएका छन् ।

# प्रेस सेन्टरले सुत्केरी भत्ता दिने

साझाकुरा संवाददाता

हेटौंडा/प्रेस सेन्टर मकवानपुरले अग्रज पत्रकारलाई औषधी खर्च र महिला पत्रकारहरुलाई सुत्केरी भएको अबस्थामा सुत्केरी भत्ता प्रदान गर्ने निर्णय गरेको छ ।

संगठनको शनिबार बसेको बैठकले यस्तो निर्णय गरेको हो । प्रेस सेन्टर मकवानपुरले सुत्केरी महिला पत्रकारलाई भत्ता प्रदान गर्न र ज्येष्ठ पत्रकारलाई स्वास्थ्य उपचार खर्च प्रदान गर्न कोष स्थापना गर्ने निर्णय गरेको जनाएको छ ।

संगठनकी जिल्ला अध्यक्ष अञ्जली थापाले एउटा कालखण्ड नै समाजको निम्ती ब्यतित गरिसकेको भएपनि पेन्सन र अन्य उपदान नहुने कारण आर्थिक समस्या झेल्नुपर्ने भएकोले प्रेस संगठन मकवानपुरले अग्रज पत्रकारहरुको उपचार खर्च प्रदान गर्ने निर्णय गरेको बताइन् ।

यसैगरी सुत्केरी अवस्थामा काम गर्न नसक्ने र आर्थिक समस्या पर्ने भन्दै संगठनले सुत्केरी भत्ता दिने निर्णय गरेको अध्यक्ष थापाको भनाइ छ । प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष थापाको अध्यक्षतामा सम्पन्न बैठकमा प्रेस सेन्टर बागमती प्रदेश अध्यक्ष यदु गौतम, पत्रकार महासंघ केन्द्रिय सदस्य सुनिल खड्का, पत्रकार महासंघ बागमती महासचिप कृष्णसारु मगर लगायतको उपस्थिति रहेको थियो ।



खुल्यो !! खुल्यो

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै

लोकल कुखुराको लगायत मासुको आइटमको मिठो स्वाद

अब होटल म्याक्समा

सम्पर्क: होटल म्याक्स

हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७


नेपाल सरकार

## प्रदेश प्रमुखको कार्यालय

बागमती, प्रदेश
हेटौंडा, मकवानपुर

## घर/फ्ल्याट भाडामा लिने सम्बन्धी सूचना

*प्रकाशित मिति: २०७८/०९/११*

यस कार्यालयको निजी सचिवालय र भण्डार प्रयोजनको लागि घर भाडामा लिनुपर्ने भएकोले तपसिलको मापदण्ड पुगेको घर/फ्ल्याट भाडामा दिन इच्छुक घरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा घरको नक्सा पास, जग्गाधनी प्रमाणपत्र, नागरिकता र गत आ.व. सम्मको घरजग्गा कर तिरेको रसिदहरुको फोटोकपीसहित माग गरेको घरभाडाको रकम खुलाई सिलबन्दी खाम सहितको निवेदन यस कार्यालयमा दिनहुन अनुरोध छ ।


**तपसिलः**

१. कम्तिमा ८-१० वटा कोठाहरु भएको पक्की घर ।
२. प्रत्येक तलामा भान्छा एवं ट्वाईलेट बाथरुम भएको ।
३. कम्तिमा एक वटा चारपाँग्रे सवारी साधन र तीन वटा मोटरसाईकल पार्किङ्गको व्यवस्था भएको ।
४. यस कार्यालयबाट २ कि.मि. दूरीको परिधिभित्र रहेको ।
५. रिजर्भ एवं छतमा कम्तिमा १००० लिटरको पानी ट्यांकी भएको र पानी तान्ने पम्पसमेत जडान गरिएको ।
६. हरेक तलामा छुट्टै भऱ्याङ्गको व्यवस्था भएको ।
७. झ्यालढोका एवं वायरिङ्ग सिस्टमहरु वलियो भएको ।
८. कम्पाउण्डवालको व्यवस्था भएको ।

**भाडामा घर उपलब्ध गराउने घरधनीले निम्न बमोजिमको शर्तहरु पनि मान्नुपर्नेछ ।**

- जिल्ला घरभडा निर्धारण समितिले तोकेको दरमा मात्र सम्झौता गरिनेछ ।
- घरभाडा भुक्तानी गर्दा सबै करहरु कट्टा गरी गरिनेछ ।
- घर कम्पाउण्ड भित्रको सर सफाई एवं वगैंचा व्यवस्थापन घरधनी स्वयंले गर्नुपर्ने छ ।

**नोटः घरभाडामा लिने नलिने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।**

गोर्खाली ट्रेड एण्ड सप्लायर्स

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



# हार्दिक बधाई तथा शुभकामना



यस सहकारी संस्थाका शेयर सदस्य **माननीय श्री सन्तबहादुर प्रजा** ज्यू, बागमती प्रदेश सरकारको **भौतिक पूर्वाधार विकास राज्यमन्त्री बन्दै** नेपालको पहिलो चेपाङ मन्त्रीका रुपमा इतिहासमा नाम लेखाउनसमेत सफल हुनुभएकोमा उहाँको कार्यकालमा ग्रामीण क्षेत्रको विकास र समग्र प्रदेशका विकट क्षेत्रलाई ध्यानमा राखेर अघि बढ्नु हुनेछ भन्ने अपेक्षा र उज्वल राजनीतिक भविष्यको कामनासहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

महालक्ष्मी उपाध्याय 'डीना' (अध्यक्ष) एवम्

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**

हेटौंडा-२, पल्पसा रोड, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना